नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## मसलन्द सामानहरु खरिद सम्वन्धी बोलपत्र आह्वानको सूचना

***सूचना नं. : MOALD- ०१/०७६/७७***

(सूचना प्रकासन भएको मिति :- (२०७६/४/१९)

यस मन्त्रालयको लागि आ.व.०७६/०७७ मा आवश्यक पर्ने मसलन्द सामानहरु बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र यस मन्त्रालयबाट रु.३०००।- मा बोलपत्र फाराम खरिद गरी चालु आ.व.को लागि नविकरण सहितको फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता (PAN) प्रमाण पत्र, मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र र आ.व.०७४/७५ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिका साथै रु.१० को टिकट टाँस गरी रीतपूर्वकको बोलपत्र पेश गर्नु हुन यो सूचना आव्हान गरिन्छ। विस्तृत सूचना यस मन्त्रालयको सूचना पाटी र मन्त्रालयको वेभसाइट www.moald.gov.np मा राखिएको छ।

| सि.नं. | सिलबन्दी बोलपत्र सूचना नं. | कामको विवरण |
|---|---|---|
| १ | MOALD- ०१/०७६/७७ | मसलन्द सामानहरु आपूर्ति |

१. बोलपत्र फाराम तथा बोलपत्र सम्बन्धी कागजात सूचना प्रकाशित भएको मितिले ३०औँ (तीसौ) दिनको कार्यालय समयभित्र मन्त्रालयको खरिद इकाईबाट रु. ३०००।०० (पछि फिर्ता नहुने) तिरी खरिद गर्न सकिनेछ।

२. बोलपत्रको सूचना प्रकाशित भएको ३१ औं दिन मध्यान्ह १२:०० बजेभित्र यस मन्त्रालयको खरिद इकाईमा दर्ता गराइसक्नु पर्नेछ। सोहि दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन।

३. बोलपत्रका साथ रु.११७५००।- (अक्षरेपी एकलाख सत्र हजार पाँच सय रुपैंया मात्र) कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाडौं सिंहदरबार स्थित धरौटी खाता नं १३५००१ कार्यालय कोड नं. २७-३१२-१३ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा वाणिज्य बैंकबाट यस मन्त्रालयको नाममा जारी गरिएको बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखि गणना हुने गरि कम्तिमा १२० दिन म्याद भएको बैंक ग्यारेण्टीको सक्कलै प्रति संलग्न गरी पेश गर्नुपर्नेछ।

४. बोलपत्र फाराम खरिद गर्ने अन्तिम दिन, बोलपत्र दर्ता गराउने दिन तथा बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यस पछिको कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिनेछ।

५. बोलपत्रमा उल्लेखित सामानको परिमाण आवश्यकता अनुसार थपघट भएमा पनि आपूर्तिकर्ताले स्वीकार गर्नुपर्नेछ र मन्त्रालयको आवश्यकता अनुसार खरिद गरिनेछ।

६. बोलपत्रमा आइटमवाइज दर रेट अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

७. आपूर्ति कार्यमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको कागजात बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

८. आपूर्ति कार्यमा भाग लिनको लागि बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए वमोजिमको अनुभवको कागजात बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहनेछ ।

१०. रित नपुगेको र म्याद नाघी प्राप्त भएको बोलपत्रउपर कुनै कारवाही गरिने छैन ।

११. यस सम्बन्धमा थप कुरा बुझ्नु परेमा कार्यालय समयमा मन्त्रालयको खरिद इकाईमा सम्पर्क गर्न सकिनेछ ।

१२. बोलपत्र सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ ।

१३. यो सूचना मन्त्रालयको वेभसाईट www. moald.gov.np मा समेत हेर्न सकिनेछ ।

**<u>सम्पर्क ठेगाना</u>**

सिंहदरवार, काठमाडौं, नेपाल

फोन नं ४२३२८०९

info@moald.gov.np

www.moald.gov.np